समाज कल्याण परिषद्

(योजना शाखा)

केन्द्रीय कार्यालय
पुल्चोक
ललितपुर, नेपाल

पत्र संख्या
च.नं. ०७७/०७८

- 004483

मिति : २०७८।०२।१३

श्री अमेरिका नेपाल चिकित्सा प्रतिष्ठान,
काठमाण्डौं ।
स.क.प. आवद्धता नं: १४१५१ (फोन नं ९८६१०२०२८५)

विषय : परियोजना स्वीकृति बारे ।

त्यस संस्थाले परिषद्मा परियोजना प्रस्ताव दर्ता गराएको मिति २०७८।०२।१० को पत्रवाट दातृ संस्था America Nepal Medical Foundation, USA को आर्थिक सहयोगमा तपसिलमा उल्लेख भए बमोजिमको कार्यक्रम/परियोजना संचालन गर्न स्वीकृति माग भई आएको सन्दर्भमा कार्यवाही हुँदा, प्रस्तावित कार्यक्रम/परियोजना कार्यान्वयन गर्दा सम्बन्धित स्थानीय निकायसँग समन्वय र सहकार्य गर्नु पर्ने, कार्यक्रम/परियोजनाको प्रगति प्रतिवेदन, ४/४ महिनाको आय/व्यय बिवरण, लेखापरीक्षण प्रतिवेदन वार्षिक रुपमा परिषद् लगायत सम्बन्धित निकायमा पेश गर्नु पर्ने एवं कार्यक्रम संचालन गर्नु पूर्व सम्बन्धित जिल्ला समन्वय समिति, नगरपालिका/गाउँपालिकामा परियोजना प्रस्ताव उपलब्ध गराउनु पर्ने तथा प्रस्तावित कार्यक्रम/परियोजना स्थानीय तह/निकायको समन्वय र सहकार्यमा संचालन गर्ने गरी मिति २०७८।०२।१० को (सदस्य-सचिव स्तरीय) निर्णयानुसार स्वीकृति प्रदान गरिएको व्यहोरा अनुरोध गर्दछु ।

तपसिल :

परियोजनाको नाम	परियोजना संचालन गर्ने भौगोलिक क्षेत्र	परियोजनाको अवधि	आर्थिक श्रोत		
			वैदेशिक सहयोग रु.	आन्तरिक सहयोग रु.	कूल लागत रु.
i)Tele-Consultation for Home Isolation Patients. ii)Oxygen Concentrator & High Flow Nasal Cannula.	काठमाण्डौं जिल्लामा ।	०१ जुन, २०२१ देखि ०१ सेप्टेम्बर, २०२१ सम्म ।	६४,२४,६६०।-	-	६४,२४,६६०।-

पुनश्चः "कार्यक्रम स्वीकृति लिई परियोजना सञ्चालन गर्ने गैरसरकारी संस्थाहरुले सरोकारवालाहरु बीच परियोजनाको सामाजिक लेखापरीक्षण सार्वजनिकरण गर्ने कार्य वा जानकारी विभिन्न निकायमा पठाउँदा वा परियोजना कार्यक्रम स्थलमा राखिने होर्डिङ्ग बोर्डमा परियोजना विवरण उल्लेख गर्दा परिषद्को स्वीकृति मिति र सम्झौताको अवधि उल्लेख" गर्नु पर्नेछ ।

(प्रतिक्षा मिश्र)
सहायक निर्देशक

बोधार्थ :

१. श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय (महिला, वालवालिका, जेष्ठ नागरिक, श्रम तथा सामाजिक सुरक्षा शाखा), सिंहदरवार, काठमाण्डौ
२. श्री महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
३. श्री स्वास्थ्य सेवा विभाग (इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा), टेकु, काठमाण्डौं ।
४. श्रीमान् सदस्य सचिवज्यू स.क.प., हरिहरभवन, ललितपुर ।
५. श्री जिल्ला प्रशासन कार्यालय, काठमाण्डौं ।
६. श्री जिल्ला समन्वय समिति काठमाण्डौं ।
७. श्री समन्वय शाखा स.क.प., भृकुटीमण्डप, काठमाण्डौं ।
८. श्री अनुगमन तथा मुल्याङ्कन विभाग, स.क.प.।

पोष्ट बक्स : २९४८, काठमाडौं, फ्याक्स : +९७७-०१-५५५५७७८
टेलिफोन नं. : ०१-५५५५४९५, ५५५५४४८, ५५५५४९४, ईमेल : info@swc.org.np, Website: www.swc.org.np

समाज कल्याण परिषद्

केन्द्रीय कार्यालय
पुल्चोक
ललितपुर, नेपाल

पत्र संख्या
च.नं. ०७७/०७८

- 004482

मिति : २०७८।०२।१३

श्री अमेरिका नेपाल चिकित्सा प्रतिष्ठान,
काठमाण्डौं ।
स.क.प. आवद्धता नं: १४१५१ (फोन नं ९८६१०२०२८५)

विषय : कार्यक्रम अनुगमन/मुल्याङ्कन बारे ।

त्यस संस्थाको परिषद्मा परियोजना प्रस्ताव दर्ता गराएको २०७८।०२।१० को पत्रवाट दातृ संस्था America Nepal Medical Foundation, USA को आर्थिक सहयोगमा काठमाण्डौं जिल्लामा **i)Tele-Consultation for Home Isolation Patients ii)Oxygen Concentrator & High Flow Nasal Cannula** नामक कार्यक्रम/परियोजना संचालनका लागि स्वीकृती माग भई आएको सन्दर्भमा कार्यवाही हुँदा कार्यक्रम/परियोजनाको नियमानुसार अनुगमन/मूल्याङ्कन गर्ने गरी स्वीकृति प्रदान गर्न भनी मिति २०७८।०२।१० **को (सदस्य-सचिव स्तरीय) निर्णय** भएको हुँदा अनुगमन/मूल्याङ्कनका लागि परिषद्को अनुगमन तथा मूल्याङ्कन विभागमा सम्पर्क गर्नु हुन समेत निणयानुसार जानकारी गराइन्छ ।

(प्रतिक्षा मिश्र)
सहायक निर्देशक

बोधार्थ:
श्री अनुगमन तथा मूल्याङ्कन विभाग, :- आवश्यक कार्यार्थ
स.क.प.।

समाज कल्याण परिषद्

(योजना शाखा)

केन्द्रीय कार्यालय
पुल्चोक
ललितपुर, नेपाल

पत्र संख्या ०७७।०७८
च.नं. 004484

मितिः- २०७८/०२/२०

श्री अमेरिका नेपाल चिकित्सा प्रतिष्ठान
काठमाण्डौ ।
स.क.प. आवद्धता नं: १४१५१ (फोन नं: ९८६१०२०२८५)

विषय : सहजीकरण, अनुगमन र मुल्याङ्कन शुल्क प्राप्त भएको सम्बन्धमा ।

प्रस्तुत विषयमा त्यस संस्थाद्वारा सञ्चालन हुने कुल बजेट रु. ६४,२४,६६०।- बराबरको i) Tele-Consultation for Home Isolation Patients. i) Oxygen Concentrator & High Flow Nasal Cannula. नामक परियोजनाको सहजीकरण, अनुगमन र मुल्याङ्कन वापतको शुल्क रु.८०,०००।- (अक्षरेपी असी हजार रुपैयाँ मात्र) परिषद्को हिमालयन बैंकको खाता नं. ०१९०१४८२८०००७७ मा जम्मा गरेको सक्कल/प्रतिलिपी भौचर प्राप्त भएको व्यहोरा अनुरोध छ ।

(प्रतिक्षा मिश्र)
सहायक निर्देशक

बोधार्थ :

१. श्री आर्थिक प्रशासन विभाग, स.क.प. : परिषद्को हिमालयन बैंक खातामा जम्मा गरेको सक्कल भौचर थान-१ रुजु गरी आवश्यक कार्यार्थ यसैसाथ संलग्न छ ।
२. श्री अनुगमन तथा मुल्याङ्कन विभाग, स.क.प. ।

पोष्ट बक्स : २९४८, काठमाडौं, फ्याक्स : +९७७-०१-५५५५७७८
टेलिफोन नं. : ०१-५५५५४९५, ५५५५४४८, ५५५५४९४, ईमेल : info@swc.org.np, Website: www.swc.org.np